नेपाल सरकार

रक्षा मन्त्रालय

# प्रेस विज्ञप्ति

नेपाल भ्रमणमा रहनुभएका मित्रराष्ट्र जाम्बियाका Army Commander Lieutenant General Paul MIHOVA, DFS psc plsc PM र वहाँको प्रतिनिधि मण्डलले माननीय रक्षामन्त्री भीमसेनदास प्रधानसँग आज रक्षा मन्त्रालयमा शिष्टाचार भेटघाट गरेको छ । उक्त भेटघाटका दौरान माननीय रक्षामन्त्रीले अफ्रिकी महादेशबाट नेपाल भ्रमण गर्ने प्रथम प्रधान सेनापतिको रुपमा वहाँलाई स्वागत गर्दै लुसाकामा धेरै पहिले सम्पन्न असंलग्न राष्ट्रहरुको शिखर सम्मेलनमा नेपाल सहभागी भएको स्मरण गराउनु भयो । दश वर्षे द्वन्दकालपछि मुलुक गणतन्त्र भएको र विश्वजगतमा वुद्धको जन्मस्थल, सर्वोच्च शिखर सगरमाथाको भूमि र बहादुर गोर्खाली सैनिकको रुपमा नेपालले ख्याति कमाएको वहाँले बताउनुभयो । संयुक्त राष्ट्रसंघको शान्ति प्रयासमा नेपाली सेनाको सहभागिता, अन्तर्राष्ट्रिय स्तरको सैन्य तालिम केन्द्र, विपद् व्यवस्थापनका क्षेत्रमा सेनाको प्रभावकारिता र विकास निर्माणमा योगदान बारे चर्चा गर्दै दुबै राष्ट्रबीच यिनै क्षेत्रमा आपसी समझदारी र सहयोग आदान-प्रदान हुनसक्ने कुरा माननीय रक्षामन्त्रीले राख्नुभयो ।

जाम्बियाका प्रधान सेनापतिले निमन्त्रणा र भेटघाटको समयका लागि आभार प्रकट गर्दै दुबै देश भू-परिवेष्ठित भएको र शान्ति सेनामा सहभागिताका हिसावले समेत सेना-सेनाबीच पारस्परिक सहयोगका लागि एउटा छुट्टै MOU गरेर सहकार्य अघि बढाउने आफ्नो विचार रहेको बताउनु भयो । मानव अधिकार र प्रजातन्त्रको सम्बर्द्धन गर्न जाम्बियाको संविधानमा प्रष्ट व्यवस्था भएको कुरा वहाँले राख्दै समय-समयमा दुई देशबीच भ्रमण आदान-प्रदान हुनुपर्ने बताउनु भयो । नेपालस्थित सैन्य उच्च शिक्षालयमा आफ्नो सेनाले तालिम लिन इच्छुक रहेको पनि वहाँले बताउनुभयो । भेटघाटका दौरान दुबै देशका उच्च सैन्य एवं प्रशासनिक पदाधिकारीहरुको उपस्थिति थियो ।

सिंहदरबार, काठमाडौं

२०७४/०९/२०

आनन्दराम रेग्मी

सह-सचिव